# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, चैत २१ गते २०३३ साल [ अतिरिक्ताङ्क ४६

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

विभूषण (सोन्हौं संशोधन) नियमावली, २०३३

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ–

१. संक्षिप्त नाम र प्रारम्भः यस नियमावलीको नाम "विभूषण (सोन्हौं संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम ४२ मा संशोधनः (१) विभूषण नियमावली २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४२ को,

(१) खण्ड (द) पछि देहायको खण्ड (ध) थपिएको छः–

"(ध) शाही रक्षक सेवा पदक"

(२) मूल नियमावलीको नियम ४२ को खण्ड (ध), (न) र (प) लाई क्रमशः खण्ड (न), (प) र (फ) गरी मिलाइएको छ ।

३. मूल नियमावलीमा नियम ६० क. थपः मूल नियमावलीको नियम ६० पछि देहायको नियम ६० क. थपिएको छः–

"६० क. शाही रक्षक सेवा पदक":–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) २०३४ साल वैशाख १ गतेदेखि राजदरबारको शाही रक्षकमा अटूट वा पटक पटक गरी बान्हसय दिन राजदरबारमा नै रूजुरही सेवा गर्ने शाही नेपाली सैनिकलाई यो पदक प्रदान गरिनेछ ।

(२) उप–नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि २०२८ साल वैशाख १ गतेदेखि २०३३ साल चैत मसान्तसम्म शाही रक्षक सेवामा अटूट वा पटक पटक गरी नौसय दिन राजदरबारमा रूजुरही सेवा गरिसकेका शाही रक्षक वाहिनी र सो अन्तर्गतका गण तथा अरू अंगका अधिकृतदेखि फलोवर सम्मलाई पनि यो पदक प्रदान गर्न सकिनेछ ।

(३) उप–नियम (१) बमोजिम शाही रक्षक सेवामा अटूट वा पटक पटक गरी बान्हसय दिन राजदरबारमा रूजुरही सेवा पूरा गरी यो पदक प्राप्त गरिसकेका शाही रक्षक वाहिनी र सो अन्तर्गतका गण तथा अरू अंगका शाही नेपाली सेनाले दोस्रो पटक बान्हसय दिन सेवा अवधि पूरा गरेमा इस्पातको स्वल्पाकार, तेस्रो पटक बान्हसय दिन सेवावधि पूरा गरेमा तामाको स्वल्पाकार, चौथो पटक बान्हसय दिन सेवा अवधि पूरा गरेमा चाँदीको स्वल्पाकार र पाँचौं पटक बान्हसय दिन सेवावधि पूरा गरेमा सुनको स्वल्पाकार प्रदान गरिनेछ ।

(४) यो पदकको बनौट तथा आकार प्रकार परिशिष्ट ४ को अनुसूची १८.क. मा उल्लेख भएबमोजिम हुनेछ ।

४. मूल नियमावलीको नियम ६९ मा संशोधनः (१) मूल नियमावलीको नियम ६९ को, (१) खण्ड (म) पछि देहायको खण्ड (य) थपिएको छः–

"(य) शाही रक्षक सेवा पदक"

(२) मूल नियमावलीको नियम ६९ को खण्ड (य), (र), (ल) र (व) लाई क्रमशः खण्ड (र), (ल), (व) र (श) गरी मिलाइएको छ ।

५. मूल नियमावलीको नियम ७० मा संशोधनः मूल नियमावलीको नियम ७० को उप–नियम (१) को खण्ड (ङ) पछि देहायबमोजिमको खण्ड (च) थपिएको छ :–

(च) शाही रक्षक सेवा पदक– – – – –दर्जा अनुसारको एक महीनाको शुरू तलबको रकम ।

(१) सोही पदकको इस्पातको स्वल्पाकार– " " " "

(२) सोही पदकको तामाको स्वल्पाकार– " " " "

(३) सोही पदकको चाँदीको स्वल्पाकार– " " " "

(४) सोही पदकको सुनको स्वल्पाकार– " " " "

६. मूल नियमावलीको परिशिष्ट ४ मा अनुसूची थपः मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची १८ पछि यसै साथ संलग्न अनुसूची १८. क. थपिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १८ क.

### शाही रक्षक सेवा पदक

१. मण्डल: यो मण्डल ताम्र गोलाकार हुनेछ । यसको मध्य भागमा षट्कोण र त्यसको बीचमा खड्ग हुनेछ । त्यसको मुनि "शाही रक्षक" भन्ने वाक्यांश रहनेछ ।

मण्डल झुण्डिने स्थानमा कलशको दायाँ बायाँ दुईवटा खुकुरीले च्यापेको हुनेछन् ।

यसको पछिल्तिर "श्री शाही रक्षक सेवा पदक नेपाल र २०३३" भन्ने वाक्यांश र अंक हुनेछन् ।

२. पट्टिका: यो पट्टिका ३५ मिलिमिटर लम्बाइ र २५ मिलिमिटर चौडाइ भएको रातो सिम्रिक रङ्गको पृष्ठभूमिमा दुवै किनारामा ३।३ मिलिमिटरको फरक गरी कालो रङ्गको समान नापको चार उर्द्ध पाटायुक्त रेशमको हुनेछ ।

३. स्वल्पाकार: शाही रक्षक सेवा पदकको स्वल्पाकारको पट्टिका ३५ मिलिमिटर लम्बाइ र १६ मिलिमिटर चौडाइ हुनेछ । यसका मध्य भागमा षट्कोण र त्यसको बीचमा खड्ग अङ्कित गरेको हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

१०२९

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9020

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।